# नगराईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

## पोखरी ठेक्का सम्बन्धी सूचना

प्रकाशित मिति २०७६/०६/०७ गते

यस नगरपालिका क्षेत्रभित्र रहेको देहाय बमोजिमको पोखरीहरु हाल जे जस्तो अवस्थामा छ सोहि अवस्थामा माछा उत्पादन गरी बिक्रि बितरण गर्ने कार्य प्रयोजनको लागि गोप्य सिलबन्दी बोल पत्र (Tender) को प्रक्रिया अपनाई ठेक्कामा लगाउने भनी मिति २०७६/०५/२३ मा बसेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम उक्त पोखरीहरु ठेक्कामा लिन चाहने इच्छुक व्यक्ति वा ठेकेदारहरुलाई देहायका शर्त एवं बन्देजहरु अनिवार्य रुपमा पालना गर्ने गरी गोप्य सिलबन्दी बोलपत्र (Tender) बुझाउन आहवान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त एवं बन्देजहरू :**

१. यस कार्यालयबाट कार्यालय समय भित्र प्रमाणित बोलपत्र फारम (Tender Form) खरिद गर्नु पर्ने छ ।

२. देहायका पोखरिहरुकोलागि बोलपत्र फारम दस्तुर र न्युनतम ठेक्का रकम देहाय बमोजिम कायम गरिएको छ ।

**तपसिल**

| सि.नं. | पोखरीको नाम | ठेगाना | बोलपत्र फारम बिक्रि दस्तुर | न्युनतम बार्षिक ठेक्का रकम |
|---|---|---|---|---|
| १ | खड्का पोखरी | नगराईन न.पा.-१ | १००० | १०५०००/- |
| २ | खड्का डोरा | नगराईन न.पा. -३ | १००० | ३००००/- |
| ३ | बरकी सागर्दिना | नगराईन न.पा. -३ | १००० | १५०००/- |
| ४ | छोटकी सागर्दिना | नगराईन न.पा. -३ | १००० | १०००००/- |
| ५ | सागर्दिना खत्ता | नगराईन न.पा. -३ | १००० | ५०००/- |
| ६ | डोरा जलकर | नगराईन न.पा -३ | १००० | १००००/- |
| ७ | मरैया खत्ता | नगराईन न.पा -३. | १००० | ८०००/- |
| ८ | चमार टोलको खत्ता | नगराईन न.पा. -३ | १००० | ४५०००/- |
| ९ | बलुवाहा पोखरी | नगराईन न.पा. -३ | १००० | ५००००/- |
| १० | गाँउ पोखरी | नगराईन न.पा. -४ | १००० | ७०००००/- |
| ११ | ठाडी बिर्ता पोखरी | नगराईन न.पा. -७ | १००० | ३०००००/- |
| १२ | गोबराही पोखरी | नगराईन न.पा -९ | १००० | १२५०००/- |
| १३ | गीता ठाकुर पोखरी | नगराईन न.पा -९ | १००० | ४५००००/- |
| १४ | पैनपिवी पोखरी | नगराईन न.पा. -९ | १००० | १०००००/- |

३. बिक्रि भैसकेको फारम फिर्ता हुने छैन ।

४. ठेक्का अवधि :- चलन पुर्जी प्राप्त गरेको मिति देखि ५ बर्षको हुनेछ ।

५. बोलपत्र दर्ता मिति र समय : - बोलपत्र फारम मिति २०७६/०७/०६ देखि सम्म खरिद गरी मिति २०७६/०७/०७ गते दिउसो १:०० बजे सम्म मात्र गोप्य सिलबन्दी बोलपत्र खाम नगरपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. बोलपत्र खोल्ने मिति र समय :- मिति २०७६/०७/०७ गते दिउसो ३:०० बजे

७. बोलपत्र फारम साथ पुरै ठेक्का अवधि भर को कबोल रकमको १० प्रतिशत धरौटी रकम नगराईन नगरपालिकाको कार्यालयको मेगा बैंक नेपाल लि.मा रहेको खाता नं. मा जम्मा गरेको सकल बैंक भौचर संलग्न राखनु पर्नेछ ।

८. बोलपत्र दर्ता भैसकेपछि सम्बन्धित कर्मचारी र बोलपत्रवाला वा निजको वारिसको रोहवरमा बोलपत्र खोलिनेछ तर सो समयमा बोलपत्रवाला वा निजको वारिस उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुर्याएको मानिने छैन ।

९. नगरपालिकाले ठेक्का स्वीकृत भएको जानकारी ७ दिन भित्र प्रकाशन गरिनेछ ।

१०. ठेक्का स्वीकृतको जानकारी प्राप्त भएको सात दिन भित्र साकार गरेको ठेक्का अबधिको पुरै रकम दाखिला गरी नगरपालिका बाट चलन पुर्जी लिईसक्नुपर्ने छ अन्यथा बोलपत्र फारम साथ राखेको धरौटी रकम जफत हुनेछ ।
ठेक्का रकम पुरै दाखिला गर्ने सम्भव नभएमा धन जमानी तथा जग्गा धितो राखी बार्षिक किस्ता रकम दाखिला गरी चलन पुर्जी लिन बाधा हुनेछैन ।

११. किस्ताको अवधि प्रारम्भ हुनुभन्दा कम्तिमा एक महिना अगाबै किस्ता रकम दाखिला गर्नु पर्नेछ ।

१२. बोलपत्र फारमसाथ जम्मा गरेको धरौटी रकम अन्तिम किस्तामा मिन्हा हुनेछ ।

१३. पोखरीको सुरक्षा व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

१४. पोखरीमा ५ फिट पानी बाहेकको पानी कृषकलाई निसशुल्क उपलब्ध गराउनु पर्नेछ ।

१५. ठेक्का वापत बाँकी वक्यौता राखेको, चोरी, डाँका, जबरजस्ती चोरी, ठगी, किर्ते, जालसाजी वा ज्यान सम्बन्धि अपराधको अभियोगमा कसुरदार ठहरी सजाय पाएका र नैतिक पतन देखिएका व्यक्तिलाई पोखरी ठेक्का दिइने छैन ।

१६. बोलपत्र फारममा केरमेट तथा अपुग कागजात भएमा बोलपत्र स्वतः रद्द हुनेछन ।

१७. ठेक्का स्वीकृत रअस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

१८. अस्वीकृत भएको बोलपत्रदाताले बोलपत्र फारम साथ राखेको धरौटी रकम १ महिना भित्र फिर्ता लिई सक्नु पर्नेछ अन्यथा धरौटी रकम जफत हुनेछन ।

१९. बोलपत्र स्वीकृत भएपछि समयमै चलनपुर्जी नलिएमा निजको धरौटी रकम जफत गरी नियम्नुसार अर्को बोलपत्र स्वीकृत गरी ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

२०. नगर कार्यपालिकाको कार्यालयबाट दिइने निर्देशन अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।